# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(अन्तर्वार्ता तथा सिफारिस शाखा)**

☏: 091-527600, 527604, Website:-www.psc.sudurpashchim.gov.np, Email:- ppsc.p7@gmail.com

## अस्थायी उम्मेदवारले निवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. १६/०८१-८२, मिति २०८१/०८/२३ गते

भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको च.नं. ३१३ मिति २०८१/०८/१६ गतेको पत्रबाट उक्त मन्त्रालय अन्तर्गतका सेवा प्रदायक कार्यालयहरुमा रिक्त इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, पाँचौ तह, सब इन्जिनियर पदमा ४ (चार) जना अस्थायी नियुक्तिका लागि उम्मेदवार सिफारिस गरिदिन भनि यस आयोगमा माग भई आएको हुँदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) मा "सेवा, समूह तथा उपसमूहसँग सम्बन्धित प्रचलित कानून बमोजिम अस्थायी नियुक्तिको लागि आयोगमा माग भई आएमा आयोगले वैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमको आधारमा सिफारिस गर्नेछ" भन्ने व्यवस्था अनुसार अस्थायी उम्मेदवार सिफारिस गर्नुपर्ने भएकोले आयोगको सूचना नं. ७८/०८०-८१, मिति २०८०/०९/१६ गते प्रकाशित वि.नं. ५०१/०७९-८० (खुला), इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, पाँचौ तह, सब इन्जिनियर पदको उम्मेदवार सिफारिस सम्बन्धी सूचनाको अस्थायी योग्यताक्रम सूचीमा रहेका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोगमा निवेदन पेश गर्नुहुन आयोगको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

..........................

(सरोज चौधरी)

शाखा अधिकृत